राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

वर्ष ७ अंक ११६ २०८२ मंसिर १० गते बुधवार (26 Nov. 2025) पृष्ठ ४ मूल्य रू. ३।-

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

### रामजानकी विवाहपञ्चमी

# लाखौं श्रद्धालु बीच स्वयम्बर सम्पन्न

दैनिक समाचारदाता
जनकपुरधाम, ९ मंसिर । त्रेतायुगमा भगवान श्रीराम र भगवती सीताको दिव्य विवाह सम्पन्न भएको स्मृतिमा मनाइने 'विवाहपञ्चमी महोत्सव' अन्तर्गत आज जनकपुरधाममा भव्यतापूर्वक स्वयम्बर कार्यक्रम सम्पन्न गरिएको छ । मंसिर ४ गतेदेखि शुभारम्भ गरिएको सप्ताहव्यापी विवाह महोत्सवको छैटौं दिन आज (मंगलवार) परम्परागत वैभव, धार्मिक उत्साह र सांस्कृतिक उल्लासपूर्ण वातावरणमा स्वयम्बर भएको छ ।

विवाहपञ्चमी महोत्सवको मूल आकर्षणका रूपमा रहने स्वयम्बर तथा नगर परिक्रमा वर्षेनि झैं यस वर्ष पनि अत्यन्त भव्य र अविस्मरणीय बनेको छ । दिउँसो १ बजे जानकी मन्दिर, राम मन्दिरलगायतका महत्वपूर्ण देवालयहरूबाट भगवान राम र माता सीताको प्रतिमासहितको डोला निस्केर रंगभूमि मैदान पुग्यो । रंगभूमि मैदानमा सम्पन्न स्वयम्बर कार्यक्रममा हजारौं वर्ष पुरानो पौराणिक कथा प्रत्यक्ष अनुभूति हुने वातावरण निर्माण भएको थियो ।





स्वयम्बर सम्पन्न भएपछि जनकपुरधामको परम्परागत मार्गअनुसार विशाल नगर परिक्रमा गरी पुनः जानकी मन्दिरमा डोला फर्काइएको थियो । यसवर्ष नेपालका विभिन्न प्रदेश तथा भारतका मिथिला, उत्तर प्रदेश, बिहारलगायत क्षेत्रबाट आएका लाखौं श्रद्धालु स्वयम्बर तथा नगर परिक्रमा अवलोकनमा सहभागी भएका छन् । धेरै भक्तजन सोमबार रातिदेखिनै जनकपुरधाम आइपुगेका थिए भने मंगलवार अबेरसम्म पनि आगमनको क्रम निरन्तर जारी थियो ।

स्वयम्बर कार्यक्रम सम्पन्न भएपछि राति जानकी मन्दिर प्राङ्गणमा राम(सीताको दिव्य विवाहोत्सव भव्यरूपमा मनाइएको छ । मन्दिरका महन्थ रामतपेश्वर दासका अनुसार बाहिरी प्रदेशबाट आएका अधिकांश भक्तजनहरू विवाह उत्सवको अवलोकनपछि आफ्नो गन्तव्यतर्फ फर्किने छ ।

विवाहपञ्चमी महोत्सवका लागि जनकपुरधामभरि सुरक्षा व्यवस्था अत्यन्त कडा पारिएको छ । बिहानैदेखि जानकी मन्दिर,

*बाँकी पृष्ठ ३मा*

## परिवारकै सदस्यले गरे महिलाको हत्या

दैनिक समाचारदाता
रौतहट, ९ मंसिर । रौतहटको वृन्दावन नगरपालिका-९ मुसाहामा एक महिलाको परिवारकै सदस्यले विभत्स ढंगले एक महिलाको हत्या गरेको घटना बाहिरिएको छ।


भुसाहा निवासी शेख आदिलकी २५ वर्षीया श्रीमती तरीमा खातुनलाई सोमबार राति निर्मम ढंगले हत्या गरी आफ्नै घरको भुस राख्ने स्थानमा खाडल खनी गाडिएको अवस्थामा प्रहरीले फेला पारेको हो।

मंगलबार बिहान घटनाको जानकारी पाएपछि इलाका प्रहरी कार्यालय गरुडा र जिल्ला प्रहरी कार्यालय रौतहटको संयुक्त टोली घटनास्थल पुग्दा खातुनको शव पुरिएको अवस्थामा भेटिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

मृतकका श्रीमान् शेख आदिल वैदेशिक रोजगारीका सिलसिलामा साउदी अरबमा कार्यरत छन्। घटनापछि खातुनका ससुरा शेख अलि मोहम्मदसहित घरका सबै सदस्य फरार छन् । साथै उनीहरू खातुनकी डेढ वर्षीय छोरा मोहम्मद

*बाँकी पृष्ठ ३मा*


अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020

एचआईभी / एड्स रोगबाट बचौं र बचाऔं।

- असुरक्षित यौन सम्पर्कबाट जोगिऔं,
- यौन सम्पर्क गर्दा कण्डम प्रयोग गरौं,
- विषाणुरहित रगत तथा सुई प्रयोग गरौं,
- लागु औषधको दुर्व्यसन वा कुलतबाट टाढा रहौं,
- समय-समयमा एचआईभी / एड्सलगायतको परीक्षण गरौं,
- एड्स संक्रमित व्यक्तिलाई सम्मान र माया गरौं,
- एड्स असुरक्षित यौन सम्पर्क वा विषाणुयुक्त सुईको कारणले सर्ने रोग हो,
- यौन रोगका कुनै लक्षण देखिए उपचार तथा परामर्शका लागि चिकित्सकसंग सम्पर्क गरौं।

*सावधानी अपनाऔं, स्वस्थ रहौं।*

नेपाल सरकार
विज्ञापन बोर्ड



## सम्पादकीय

# विवाह पञ्चमी : आस्था, संस्कृति र पर्यटन पुनर्जागरणको चुनौती

त्रेतायुगको दिव्य स्मृतिसँग जोडिएको विवाह पञ्चमी मिथिला-जनकपुरधामको केवल एक धार्मिक पर्व मात्र होइन, यो सांस्कृतिक अस्तित्व, स्थानीय आत्मसम्मान र क्षेत्रीय पहिचानको गहिरो प्रतीक हो । प्रत्येक वर्ष साताव्यापी कार्यक्रमसहित भव्य रूपमा मनाइने यो पर्व यसपाली पनि मटकोरदेखि स्वयंवर कार्यक्रमसम्म धार्मिक उल्लासले भरिएको छ । जनकपुरधामको सडकदेखि मठ-मन्दिरसम्म रंग, भक्ति र सांस्कृतिक गौरवले वातावरण सुवासित भइरहेको छ ।

यस्तो अनुपम सांस्कृतिक धरोहरको संरक्षण र विस्तार गर्नु राज्यको दायित्व हो । मधेश प्रदेश सरकारले आज सार्वजनिक विदा घोषणा गर्नु निर्णयको सकारात्मक पक्ष हो, जसले उत्सवलाई सरकारी मान्यता र औपचारिक महत्त्व दिएको छ। यद्यपि, यतिले मात्र जनकपुरधामको धार्मिक पर्यटन पुनःउत्थान हुँदैन । उत्सवको चमक जित जित देखिन्छ, त्यसकै छायामा विगत केही वर्षयता घट्दै गएको पर्यटक आगमनले क्षेत्रको भविष्यबारे गम्भीर प्रश्न खडा गरिरहेको छ ।

नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य राजेश कर्णले उल्लेख गरेझैं, धार्मिक पर्यटन शान्ति, सुरक्षा र आस्थाको आधारमा उभिन्छ । तर नेपालमा भइरहेका राजनीतिक अस्थिरता, आन्दोलन र नाकाबन्दीका असरले जनकपुरधाममा आउने भारतीय तथा बाह्य तीर्थालुको संख्यामा उल्लेख्य गिरावट आएको छ। बारामा भएको जेनजी आन्दोलनले यस वर्ष त छिमेकी जिल्लाबाट आउने जनलहर व्यापक रूपमा घटाएको तथ्यलाई बेवास्ता गर्न सकिँदैन। धार्मिक मेलामा भीड नहुने कुरा केवल उत्सवको सौन्दर्यमै कमी होइन; यसले स्थानीय अर्थतन्त्र, होटल व्यवसाय, साना व्यापारी, यातायातदेखि जनकपुरधामको समग्र पर्यटन आयमा प्रत्यक्ष चोट पुऱ्याउँछ।

के जनकपुरधामको धार्मिक पर्यटन भाग्य राजनीतिक द्वन्द्वको उतार-चढावमा निर्भर रहिरहने हो? राज्य, स्थानीय सरकार र सरोकारवाला निकायको यही प्रश्नप्रतिको जवाफ अब निर्णायक बन्नसक्छ। जनकपुरधामलाई 'शान्ति क्षेत्र' का रूपमा विकास गर्न सकियो भने धार्मिक पर्यटनमा क्रान्तिकारी परिवर्तन सम्भव छ। सुरक्षा सुनिश्चितता, व्यवस्थापन सुधार, सडक-पूर्वाधार, स्वच्छता, आवास सुविधा र प्रचार-प्रसारमा ध्यान दिएर विवाह पञ्चमीलाई दक्षिण एशियाको प्रमुख धार्मिक ब्रान्ड बनाउन सकिन्छ।

विवाह पञ्चमी जनकपुरको पहिचान हो, जनकपुरधामको धडकन हो। यसले केवल श्रीराम-सीताको दिव्य मिलन स्मरण गराउँदैन, यो सम्पूर्ण मधेशको सांस्कृतिक शक्ति र एकताको प्रतीक बनेर उभिन्छ। त्यसैले अब राज्यको प्राथमिकता उत्सवको भव्यता मात्र होइन, धार्मिक पर्यटनको समग्र विकास र जनकपुरधामलाई विश्व-मापदण्डको तीर्थस्थलको रूपमा पुनःस्थापना गर्नु हुनुपर्छ। आस्था बलियो छ, संस्कृति शाश्वत छ, अब आवश्यक छ–स्थिरता, योजना र दीर्घदृष्टि। जनकपुरधामको उज्यालो भविष्य यही तीन शब्दमा अडिएको छ।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : विहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : विहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : विहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : विहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

# वर्गीय द्वन्द्वमा बदलिँदै जेनजी विद्रोह



राजेश विद्रोही

जेनजी विद्रोहपछि हालसम्मको परिस्थितिलाई नजिकबाट नियाल्ने हो भने सिङ्गो परिवर्तन 'अधकल्टो' जस्तो देखिन थालेको छ। किनभने जेनजी आन्दोलनको उठान र बैठान दुवै ठीक तरिकाले हुन सकेनन्। यसको प्रमुख कारण, जेनजी विद्रोहको आह्वान गर्ने र भोग्ने दुवै पक्षले यो हदसम्मको विध्वंस र हिंसात्मक रूप लिनेछ भन्ने कल्पना समेत गरेका थिएनन्।

परिणामस्वरूप आन्दोलन एकाएक आपत्कालीन विद्रोहमा परिणत भयो। त्यही कारण जेनजी विद्रोहको बलमा बनेको अन्तरिम सरकार समेत विद्रोहका आधारभूत मूल्य र मान्यतालाई स्थापित गर्न सक्छ कि सक्दैन भन्ने गम्भीर आशंकाको भुमरीमा फसेको देखिन्छ। जेनजी नेतृत्वले समेत विद्रोहलाई कसरी संस्थागत गर्ने भन्ने प्रश्नमा अकर्मण्यता देखाएका छन् ।

विद्रोह र त्यसका पहलुहरूले आफ्नो बाटो बेलैमा स्पष्ट गर्न नसक्दा, उनीहरूभित्र देखिएको अन्तरविरोध र अन्तरसङ्घर्षले वर्गीय द्वन्द्वको रूप लिँदै गएको अनुमान गर्न सकिन्छ। किनभने जेनजी विद्रोह कुनै काठमाडौंकेन्द्रित अनुहारले मात्र लडेको आन्दोलन थिएन। यो ७७ जिल्लाका युवाहरूको स्वस्फूर्त विद्रोह थियो। तर अहिले यसको सम्पूर्ण जस एउटा काठमाडौंकेन्द्रित समूहले लिन खोजिरहेको छ, जुन परम्परागत दलीय शैलीमा रूपान्तरण हुँदै बाँकी ७६ जिल्लालाई 'बाइपास' गर्ने प्रयास गरिरहेको छ।

यसले सिङ्गो आन्दोलन र यसको उपलब्धिलाई निष्प्रभावी बनाउने खतरा बढाएको छ। जेनजी विद्रोह गर्ने र भोग्ने दुवैका लागि यो आन्दोलन उनीहरूको कल्पनाभन्दा बाहिरको घटना थियो। त्यसैले यसलाई स्थापित र सामना गर्नु दुवै कठिन भइरहेको छ। यतिसम्म कि अब उनीहरू एकअर्काको अस्तित्व स्वीकार गर्न समेत कठिनाइ भोगिरहेका देखिन्छन्।

यतिबेला यो पुस्ता अहिलेको विश्व राजनीति र सामाजिक संरचनाको केन्द्रमा छ। उनीहरू सामाजिक सञ्जाल, प्रविधि र डिजिटल चेतनाका माध्यमबाट विश्वलाई हेर्छन्, बुझ्छन् र प्रतिक्रियास्वरूप विद्रोह गर्छन्। तर यो विद्रोह पनि एकरूपतामा छैन।

यो पुस्ताभित्र पनि वर्ग छ, वर्गीय स्वार्थ छ; वर्ग स्वार्थ अनुसारका दृष्टिकोण, एजेन्डा र आन्दोलनका स्वरहरू फरक-फरक छन्। यही वर्गीय विभाजनले जेनजी आन्दोलन वा विद्रोहको चरित्र निर्धारण गरेको छ। कोही सुधारवादी र प्रविधिमुखी उदार लोकतन्त्रका हिमायती छन् भने कोही मूलतः व्यवस्थामाथि नै प्रश्न उठाउने, नयाँ राजनीतिक संरचनाको खोजी गर्ने क्रान्तिकारी धारका छन्।

जेनजी पुस्ताको विद्रोहको 'ग्राउन्ड' के हो भन्ने प्रश्नलाई बुझ्नका लागि समाजको वर्गीय संरचना र राज्यसत्ताको स्वरूप बुझ्नुपर्छ। आजको नेपाल सहित विश्वकै अधिकांश लोकतान्त्रिक राज्यहरू 'दलाल पूँजीवादी वर्गीय अधिनायकत्व' का रूपमा कार्यरत छन्। यो संरचना बाह्य रूपमा लोकतान्त्रिक देखिए पनि भित्री रूपमा पूँजीपति र नोकरशाही वर्गको आधिपत्यमा चलिरहेको छ। यसले श्रमजीवी, शोषित र उत्पीडित वर्गहरूलाई प्रतिनिधित्व गर्ने नाममा राज्यसत्ता कब्जा गरेर, पुनः तिनै वर्गलाई दमन गर्ने काम गरिरहेको छ।

त्यसैले जेनजी पुस्ताको विद्रोह केवल व्यवस्था विरोधी भावनाको विस्फोट होइन। यो विद्रोह मूलतः वर्गीय मुक्ति र स्वाधीन राजनीतिक व्यवस्थाको खोज हो। आजका युवाहरूले देखेका छन्– लोकतन्त्रका नाममा हुने चुनाव, संसद् र दलहरूको प्रतिस्पर्धा केवल दलाल पूँजीपतिहरूकै हितका लागि सञ्चालन हुन्छन्।

जनताको जीवनमा ठोस सुधार ल्याउने शक्ति यी दलहरूमा छैन; न त उनीहरूमा इच्छाशक्ति नै बाँकी छ। जनताका नाममा जनताको अधिकार बेच्ने, ठेक्का-कमिसनमा रमाउने र शासनलाई नोकरशाहीको बन्द कोठाभित्र सीमित पार्ने प्रवृत्ति नै आजको दलाल पूँजीवादी लोकतन्त्रको वास्तविकता हो।

जेनजी पुस्ताको विद्रोही चेतनाको केन्द्रीय नारा यही हो– यथास्थितिमा गोलचक्कर नमारौं। पुरानै सत्ता, पुरानै अनुहार र पुरानै दलहरूको बीचमा फेरि-फेरि घुम्ने चक्र तोडौं। यो विद्रोह परिवर्तनका लागि परिवर्तन होइन, 'स्वाधीन र अग्रगामी' राजनीतिक व्यवस्थाको खोज हो।

यो खोज व्यक्तिवादी होइन। यो आन्दोलनको लक्ष्य कुनै व्यक्तिको शासन होइन, जन-अधिनायकत्वको संरचना हो– जहाँ सत्ता शोषित, उत्पीडित र श्रमजीवी वर्गको हातमा हुनेछ।

नेपाली समाजको वर्गीय बनावट हेर्ने हो भने- किसान, मजदुर, दलित, महिला, मधेशी, आदिवासी जनजाति, मुस्लिम, थारू र क्षेत्रीय वर्गहरू सदियौंदेखि उत्पीडनमा छन्। यी वर्गहरूले राज्यसँग केवल कर, शोषण र उपेक्षा पाएका छन्।

तिनीहरूका नाममा कार्यक्रम, बजेट र भाषण त बन्छन्, तर निर्णय गर्ने शक्ति सधैं नोकरशाही र पूँजीपति वर्गको हातमा रहन्छ। हरेक सत्ता परिवर्तनसँगै नेताहरूको अनुहार फेरिन्छ तर वर्गीय अधिनायकत्व यथावत् रहन्छ।

आजको नेपालको संसदीय व्यवस्थाले यही वर्गीय अधिनायकत्वलाई ढाकछोप गरेर 'जनताको सरकार' को भ्रम फैलाइरहेको छ। तर यो जनताको सरकार होइन– यो दलाल पूँजीपति र नोकरशाही वर्गको साझेदारीमा निर्मित शासन संरचना हो। यही कारणले आजको प्रणालीले न भ्रष्टाचार नियन्त्रण गर्न सकेको छ, न बेरोजगारी घटाउन।

शिक्षा, स्वास्थ्य, रोजगारी र न्याय प्रणाली सबै व्यापारीकरणमा गइसकेका छन्। राज्य जनताको सेवा गर्ने निकाय होइन, ठेक्कापट्टा वितरण गर्ने 'कारोबार केन्द्र' मा परिणत भएको छ। जताततै चरम बेथिति, भ्रष्टाचार र कुशासन व्याप्त छ।

यही व्यवस्थाबाट असन्तुष्ट जेनजी पुस्ता अहिले राष्ट्रको नयाँ विकल्प खोज्दैछ। उनीहरूले परम्परागत दलहरूमाथि विश्वास गुमाइसकेका छन्। किनभने ती दलहरू जनताको विश्वासबाट होइन, पैसाको सञ्जाल र अन्तर्राष्ट्रिय दलाल शक्तिको समर्थनबाट टिकेका छन्।

उनीहरूको लोकतन्त्रले जनतालाई होइन, पूँजीलाई स्वतन्त्रता दिएको छ। यही अन्तरविरोधले जेनजी चेतनामा नयाँ राजनीतिक दर्शन जन्माइरहेको छ– जसको सारांश हो: दलाल पूँजीवादी लोकतन्त्र होइन, श्रमजीवी स्वाधीन लोकतन्त्र।

यो श्रमजीवी लोकतन्त्र कुनै काल्पनिक अवधारणा होइन। यसको बीउ प्रत्येक सङ्घर्षरत वर्गभित्र छ। खेतमा पसिना बगाउने किसान, कारखानामा घाम र धुलो खाने मजदुर, शिक्षामा पहुँच नपाएका दलित, अवसरबाट वञ्चित महिला र मधेशी-आदिवासी जनजातिहरू– यी सबै नै भविष्यको स्वाधीन लोकतन्त्रका प्राकृतिक संवाहक हुन्। तर तिनीहरूका आवाज सधैं शासक वर्गले दबाउँछ, टुक्र्याउँछ र जात-धर्म, क्षेत्र-भाषाका नाममा विभाजित गर्छ।

जेनजी पुस्ताको जागरण यही विभाजन विरुद्धको जागरण हो, विद्रोह हो। उनीहरूले अब जात, धर्म वा भूगोलका आधारमा होइन, वर्गीय हितका आधारमा एकताको सूत्र खोजिरहेका छन्। यो नै स्वाधीन राजनीतिक चेतनाको आरम्भ हो। त्यसैले जेनजी आन्दोलन हरेक हिसाबले साझा प्रतीक हो।

जेनजी पुस्ताको विद्रोहलाई धेरैले 'भावनात्मक' वा 'अराजकतावादी' भनेर निमोठ्ने र हेप्ने प्रयास गरिरहेका छन्। तर वास्तवमा यो विद्रोह अत्यन्त वैचारिक र परिवर्तनकारी छ। यसले राज्य, शासन र जनसत्ता सम्बन्धी प्रश्नहरूलाई पुनः परिभाषित गर्दैछ। उदाहरणका लागि, यो पुस्ता अब 'सत्ता परिवर्तन' मा होइन, 'संरचना परिवर्तन' मा जोड दिइरहेको छ। उनीहरूका लागि सुशासन, पारदर्शिता र स्थायित्व केवल व्यवस्थाभित्रका सुधार मात्र होइनन्, व्यवस्थाको स्वरूपकै पुनःनिर्माण उनीहरूका मुद्दा हुन्।

संसदीय व्यवस्थाले जनतालाई बोल्न त दियो तर सुनिने शक्ति खोस्यो। यो व्यवस्थाले प्रतिनिधि त बनायो तर जनताको सत्ताको अधिकार हरण गऱ्यो। जेनजी पुस्ताको विद्रोह त्यसैको प्रतिरोध हो। उनीहरू भन्छन्– अब प्रतिनिधि होइन, प्रत्यक्ष जनसत्ता चाहिन्छ। अब दलहरूको भागबन्डा होइन; उत्पादन, श्रम र समाजको साझा स्वामित्वमा आधारित लोकतन्त्र चाहिन्छ।

राजनीतिक दृष्टिले यो सोच 'संयुक्त स्वाधीन अधिनायकत्व' को धारामा पर्छ। यसको अर्थ, सत्ता कुनै एक वर्गको हातमा होइन, देशका सबै शोषित, उत्पीडित र श्रमजीवी वर्गहरूको संयुक्त अधिनायकत्वमा रहेको हेर्न चाहन्छन्। यस्तो शासन प्रणालीमा भ्रष्टाचार, नोकरशाही र दलालपनको ठाउँ हुँदैन।

नीतिनिर्माण जनताको आधारभूत आवश्यकता र उत्पादन सम्बन्धका आधारमा हुन्छ। यो व्यवस्थामा सरकार परिवर्तनको मतलब केवल पार्टी परिवर्तन होइन, सामाजिक सम्बन्धको परिवर्तन पनि हुन्छ।

नेपालमा यस्तो चेतना फैलिनु कुनै आकस्मिक घटना होइन। राज्यले विगत सात दशकमा जनताको पक्षमा काम गर्न सकेन। सामन्तवादबाट पूँजीवादमा रूपान्तरण हुँदा पनि सत्ताको स्वरूप जनमुखी हुन सकेन। जनता अझै करदाताको रूपमा मात्र छन्, मालिक बन्न सकेका छैनन्।

यतिबेला जनताभित्रको नयाँ पुस्ता जेनजी यस यथार्थसँग टकराइरहेको छ। उनीहरूको विद्रोहमा पुरानो व्यवस्थाप्रति वितृष्णा छ। तर त्यो वितृष्णा विनाशकारी होइन, पुनर्निर्माणमुखी र समानतामुखी छ।

जेनजी पुस्ताको विद्रोहलाई गहिरो रूपमा बुझ्ने हो भने यो समानताको नयाँ आन्दोलन हो। यो समानता केवल अधिकारको मात्र होइन, निर्णय-शक्तिको समानता पनि हो। यसको निश्चित लक्ष्य राज्य र समाजमा यस्तो शक्ति-सन्तुलन ल्याउनु हो, जहाँ जनताले नीतिनिर्माण, कार्यान्वयन र निगरानीमा प्रत्यक्ष भूमिका खेल्न सकून्। तर यो लक्ष्य सजिलो भने छैन।

दलाल पूँजीवादी वर्गले आफ्नो अस्तित्व जोगाउनका लागि शिक्षा, स्वास्थ्य, मिडिया र प्रशासनका हरेक क्षेत्र कब्जा गरिसकेको छ। त्यसैले जेनजी पुस्ताले सङ्घर्ष केवल सडकमा मात्र होइन, चेतनामा पनि गर्नुपर्नेछ। उनीहरूले पुराना मूल्य-मान्यता र उपभोगवादी संस्कृति विरुद्ध पनि वैचारिक युद्ध लड्नुपर्नेछ।

जेनजी पुस्ताको यो आन्दोलन राष्ट्रिय मात्र होइन, अन्तर्राष्ट्रिय स्वरूपमा विकसित हुँदै छ। अमेरिका, युरोपदेखि एसिया र अफ्रिकासम्मका युवाहरूले एउटै कुरा भनिरहेका छन्-'हाम्रो भविष्य हाम्रो हातमा चाहिन्छ।'यो पुस्ता कुनै एक दल, धर्म वा विचारधाराको बन्धक बन्ने होइन। उनीहरू स्वाधीन सोच र वैज्ञानिक दृष्टिकोणका आधारमा नयाँ राजनीतिक दर्शन निर्माण गर्दैछन्, जसमा सम्पूर्ण मानव जाति अटाउनेछन्।

नेपालमा यसको स्वरूप अन्ततः 'श्रमजीवी स्वाधीन लोकतन्त्र' को आन्दोलनका रूपमा देखा पर्न सक्छ; जहाँ किसान, मजदुर, दलित, महिला, मधेशी, जनजाति, थारू, मुस्लिम र क्षेत्रीय वर्गहरू मिलेर साझा सत्ता-संरचना निर्माण गर्छन्।

यस्तो सत्ता जनताको हातमा हुने भएकाले त्यसलाई 'संयुक्त स्वाधीन अधिनायकत्व' भन्न सकिन्छ। यो व्यवस्थाले संसद् होइन, समाजका उत्पादन र वितरण प्रणालीलाई समेत राजनीतिक बनाउँछ।

अन्ततः जेनजी विद्रोहको मूल जनादेश यही हो– यथास्थितिमा गोलचक्कर नमारौं; नयाँ, उन्नत र स्वाधीन राजनीतिक व्यवस्थाको स्थापना गरौं। लोकतन्त्रका नाममा दलाल पूँजीपतिको अधिनायकत्व होइन, श्रमजीवी वर्ग र उत्पीडित समुदायको जनसत्ता कायम गरौं। यो केवल राजनीतिक माग होइन, ऐतिहासिक अनिवार्यता हो।

बेथिति र भ्रष्टाचारको निर्मूल अनि स्थिर सरकारको कल्पना हो। नेपालले यदि यो चेतना आत्मसात् गर्न सकेन भने नयाँ पुस्ताले पुरानो व्यवस्थाको ढाँचा भत्काउनेछन्। किनकि इतिहास सधैं ती वर्गहरूको पक्षमा उभिन्छ, जसले परिवर्तनको जिम्मा लिन्छन्।

आज त्यो जिम्मा जेनजी पुस्ताले उठाइसकेको छ। उनीहरूका हातमा केवल मोबाइल मात्र छैन, भविष्यको दिशा पनि छ र, त्यो दिशा स्पष्ट छ– स्वाधीनता, समानता र जनसत्ताको मार्ग ।



रामजानकी विवाह महोत्सवमा मंगलवार देखिएको केही दृश्यहरु













## लाखौं श्रद्धालु...

राम मन्दिर तथा रंगभूमि मैदान परिसरमा सवारी साधन प्रवेशमा प्रतिबन्ध लगाइएको छ । साथै शहर प्रवेश गर्ने सबै नाकाहरूमा सुरक्षाकर्मीद्वारा कडाइका साथ चेकजाँच भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक रुगम कुँवरले जानकारी दिएका छन् । सुरक्षालाई थप प्रभावकारी बनाउन पोशाकधारी तथा सादा पोशाकमा प्रहरी बलका अतिरिक्त अन्य सुरक्षा निकायका संयन्त्रहरू पनि परिचालन गरिएको छ ।

विवाहपञ्चमीको अवसरमा जनकपुरधामका मठ(मन्दिरहरू दुलहीझैँ श्रृंगारिएका छन् । बाहिरबाट आएका हजारौं भक्तजनहरू जानकी मन्दिर, राम मन्दिर, रंगभूमि मैदान, जनकपुरधाम रेल्वे स्टेशन तथा विभिन्न आश्रम( मठमन्दिरहरूमा बसोबास गरिरहेका छन् । स्थानीय संघसंस्थाहरूले समेत भक्तजनका लागि खाने(बस्ने व्यवस्था मिलाएका छन् ।

शहरभरि मैथिली विवाह गीत गुञ्जित भइरहेका छन्। यी गीतले वातावरणमा पवित्रता, आस्था र उल्लास थपिदिँदा भक्तजनहरू रमाइरहेका छन् ।

विवाह महोत्सव अन्तर्गत पहिलो दिन 'नगर दर्शन', दोस्रो दिन 'फुलबारी लीला', तेस्रो दिन 'धनुष यज्ञ', चौथो दिन 'तिलकोत्सव' तथा पाँचौं दिन 'जानकीको मटकोर विधि' सम्पन्न भइसकेका छन्।विवाहपञ्चमीको अवसरमा मधेश प्रदेश सरकारले सार्वजनिक बिदा प्रदान गरेको छ, जसले जनकपुरधाममा धार्मिक पर्यटनको चहलपहल झनै बढाएको छ ।

## परिवारकै.....

आरिफलाई समेत लिएर फरार रहेको प्रहरी उपरीक्षक (एसपी) रविन कार्कीले जानकारी दिए।

यता, वृन्दावन-९ का वडा अध्यक्ष प्रवेज आलमका अनुसार मृतक खातुनको माइती गुजरा नगरपालिका-७ पल्टुवा पर्दछ। गत कात्तिक १८ गते माइतीमा विवाह समारोहका क्रममा नातामा भतिजो पर्ने गुड्डु भनिने शेख अलाहुदिनसँग अनैतिक सम्बन्ध राखेको उनीमाथि आरोप छ।तत्पश्चात् दुवैजनालाई इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा बुझाइएको थियो। दुवैले विवाह गर्ने मौखिक सहमति जनाएपछि ससुरा शेख अलि मोहम्मदको जिम्मामा अलाहुदिन र खातुनलाई छाडिएको खातुनका बुबा ताज मोहम्मदले बताए।ताज मोहम्मदका अनुसार छोराको ससुराली पनि दिदीकै घरमा रहेको र छोरा दिदीको घर अर्थात् ससुराली आएकैबेला सोमबार राति घरमै आफ्नी दिदीको हत्या भएको खातुनका भाइ शेख आस मोहम्मदले आप लगाए । उनले भने, 'मलाई दिदीको परिवारले हल्ला गरेमा तिमीलाई पनि मार्दिन्छु भन्दै धम्की दिनुभयो। मैले पछि फोटो खिचेर त्यहाँबाट जसोतसो निस्किएर भागेँ। प्रमाणस्वरूप माइतीलाई तस्वीर पठाएको छु'प्रहरीका अनुसार खातुनको दाहिने खुट्टामा गहिरो चोट लागेको र टाउकोमा धारिलो हतियार प्रयोग गरी हत्या गरिएको अनुमान गरिएको छ। घटनास्थलबाट प्रहरीले एक चक्कु समेत बरामद भएको प्रहरीले जनाएको छ।खातुनको शव पोष्टमार्टमका लागि चन्द्रनिगाहपुर अस्पतालमा राखिएको छ । फरार परिवारजनको खोजी भइरहेको र घटनाबारे थप अनुसन्धान जारी रहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।



*जनकपुरधाम रामजानकी विवाहोत्सवमा जन्ति बनेर आएका साधुसन्तहरु ।*

# जेनजी आन्दोलनमा लुटिएका हतियार बिक्री गर्ने तीन पक्राउ

## २ थान चाइनिज पेस्तोल र २० राउण्ड गोली बरामद

दैनिक समाचारदाता

विराटनगर, ९ मंसिर । जेनजी आन्दोलनका क्रममा भदौ २४ गते काठमाडौं महानगरीय प्रहरी कार्यालय रानीपोखरीबाट लुटिएको हतियारसहित तीन जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा दुई जना झापाका हुन् । एक जना इलामका छन् ।

लागूऔषध कारोबारीको गिरोह खोजी गर्ने क्रममा प्रहरी टोलीले लुटिएको २ थान चाइनिज पेस्तोल र २० राउण्ड गोलीसहित तीन जना पक्राउ परेको हो ।

जिल्ला प्रहरी कार्यालय झापाका अनुसार सुरुमा रानीपोखरीबाट हतियार लुट्ने मध्येका एक दमक नगरपालिका(८ का २५ वर्षीय सरोज पुरी पक्राउ परेका थिए । दमक बस्ने उनी जेनजी आन्दोलन हुँदा काठमाडौं पुगेका थिए ।

पुरीको कोठामा रानीपोखरीबाट लुटिएको टाइप(५४ नामको पेस्तोल, म्यागिजन र १५ राउण्ड



गोली बरामद भयो । सोधपुछका क्रममा उनले एउटा पेस्तोल र गोली दमक(६ प्रशान्ती टोलका २९ वर्षीय विश्व लिङ्देनलाई दिएको बताए ।

विश्व नेपाली कांग्रेसका नेता तथा संविधानसभा सदस्य विश्वदीप लिङ्देनका छोरा हुन् । २०६४ सालको संविधानसभा निर्वाचनमा माओवादी केन्द्रबाट चुनाव लडेका उनले केपी शर्मा ओलीलाई पराजित गरेका थिए । माओवादी छाडेर उनी पछिल्लो समय नेपाली कांग्रेसमा छन् ।

पुरीको बयानका आधारमा प्रहरीले २९ वर्षीय विश्व लिङ्देनलाई घरबाटै पक्राउ गर्यो । सोधपुछ गर्दा उनले आफूसँग भएको हतियार इलामका साथीलाई बेचेको बयान दिए ।

उनको बयानकै आधारमा सोमबार प्रहरी टोली पेस्तोल खोज्दै इलामको चुलाचुली गाउँपालिका(४ आइतबारे पुग्यो । विश्वको बयानका आधारमा आइतबारेका ३० वर्षीय पवन हाङसुङ्वा सोधपुछ गर्दा २० हजार रुपैयाँमा किनेको पेस्तोल बारीमा लुकाएको बयान दिए ।उनको बयानका आधारमा उत्खनन् गर्दा रातो प्लास्टिकको झोलामा बेरेर राखेको अवस्थामा ५ राउण्ड गोली लोड गरिएको चाइनिज टाइप(५४ पेस्तोल भेटियो । माटोमा गाडेका कारण पेस्तोलमा खिया लागेको थियो ।

'विश्वले सुरुमा २० हजार रुपैयाँमा बेचेको भन्यो, पछि फेरि राख्न दिएको भन्दैथियो,' प्रारम्भिक अनुसन्धानमा खटिएको प्रहरी स्रोत भन्छ,' लागुऔषध कारोबारी खोज्ने क्रममा हतियार भेटिएको हो, तीनै जना लागुऔषध प्रयोगकर्ता जस्तो देखिन्छन् । रानीपोखरीले थप अनुसन्धान गर्ला ।'

बरामद दुवै पेस्तोल, २० राउण्ड गोली र तीनै जनालाई कारबाही अघि बढाउन काठमाडौं पठाइएको जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता खगेन्द्र खड्काले जानकारी दिए ।

# संसद् पुनर्स्थापनाको मागमा एमालेले प्रस्तुत गर्‍यो ७ आधार

दैनिक समाचारदाता

काठमाडौं, ९ मंसिर । नेकपा एमाले प्रतिनिधिसभा विघटन विरुद्ध सर्वोच्च अदालत गएको छ । विघटित प्रतिनिधिसभामा एमालेका प्रमुख सचेतक रहेका महेश बर्तौला र सचेतक सुनिता बराल रिट लिएर सर्वोच्च अदालत गएका हुन् । बर्तौलाका अनुसार विघटित प्रतिनिधिसभा पुनर्स्थापनाको मागमा मुख्यतः ६ वटा मागदाबी गरिएको छ ।

१. प्रतिनिधिसभाको सदस्य नभएको, सर्वोच्च अदालतको प्रधानन्यायाधीश भएसकेका व्यक्ति, कुनै राजनैतिक दलको संसदीय दलले समर्थन नगरेको, धारा ७६ तथा धारा १३२(२) विपरीत गैरसंवैधानिक तवरले नियुक्त भएका प्रधानमन्त्री सुशीला कार्कीको नियुक्ति प्रथम दृष्टिमै असंवैधानिक भएको हुँदा निजको प्रधानमन्त्री पदमा भएको नियुक्ति विरुद्ध अधिकारपृच्छाको आदेश जारी गरी पाऊँ।

२. प्रधानमन्त्री पदमा सुशीला कार्कीलाई नियुक्ति गर्ने सम्मानिय राष्ट्रपतिज्यूको मिति २०८२ भदौ २७ को निर्णय, सोको आधारमा भएको प्रधानमन्त्रीज्यूको शपथ ग्रहण तथा अन्य नियुक्ति समेत उत्प्रेषणको आदेशले बदर गरी पाऊँ । साथै विपक्षी प्रधानमन्त्री नियुक्त भएपश्चात विपक्षीहरूबाट भए गरेका गैरकानूनी एवं असंवैधानिक सम्पूर्ण कामकारबाही, निर्णय, नियुक्तिहरू समेत उत्प्रेषणको आदेशले बदर गरी पाउँ ।

३. प्रधानमन्त्री सुशीला कार्कीको एकल सिफारिसमा सम्मानिय राष्ट्रपतिबाट मिति २०८२ भदौ २७ गते गरिएको प्रतिनिधिसभा विघटनको निर्णय उत्प्रेषणको आदेशले बदर गरी २०८२ भाद्र २४ गते पछिको अवधिलाई शून्य अवधि मानी प्रतिनिधिसभा पुनर्स्थापना सहित सो दिन कायम रहेका राज्यका सबैअंग, निकायहरू पूर्ववत् रूपमा यथावत् सञ्चालनमा रहने गरी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी गरी पाऊँ ।

४. तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो पदबाट राजीनामा दिइसकेको अवस्थामा नयाँ सरकार गठनका लागि संविधानको धारा ७६ बमोजिमको प्रक्रिया प्रारम्भ गर्नु भनी सम्मानिय राष्ट्रपतिज्यूको नाममा परमादेश जारी गरी पाऊँ।

५. पुनर्स्थापित प्रतिनिधिसभाको बैठक बोलाउन आवश्यक व्यवस्था मिलाउनु भनी सम्मानिय सभामुख तथा संसद् सचिवालयको नाममा परमादेश जारी गरी पाऊँ।

६. असंवैधानिक तवरले नियुक्त प्रधानमन्त्री श्री सुशीला कार्की र निज नेतृत्वको सरकारले  गर्ने भनिएको प्रतिनिधिसभाको निर्वाचन समेत प्रतिनिधिसभा पुनर्स्थापना पश्चात् स्वतः औचित्यहीन भएकाले प्रतिनिधिसभाको निर्वाचनसँग सम्बन्धित सम्पूर्ण काम कारबाही प्रतिषेधको आदेश जारी गरी रोकी पाऊँ।

७. विषयवस्तुको गम्भीरता र संवेदनशीलतालाई मध्यनजर गरी प्रस्तुत विषयमा शीघ्र निर्णय हुनुपर्ने भएको हुँदा प्रस्तुत रिट निवेदनमा विपक्षीहरूको लिखित जवाफ मगाई सुनुवाइको मिति किटान गरी निरन्तर सुनुवाइ गराइ पाऊँ ।

# एमाले नेता महेश बस्नेतविरुद्ध प्रदर्शन

दैनिक समाचारदाता



सुर्खेत ९ मंसिर । सुर्खेतको वीरेन्द्रनगरमा नेकपा एमालेका नेता महेश बस्नेतविरुद्ध युवाहरूको एक समूहले प्रदर्शन गरेको छ । प्रदर्शनमा सहभागीहरूले बस्नेतविरुद्ध प्लेकार्डसहित प्रदर्शन गरेका हुन् ।

बस्नेत आज बिहान मात्रै सुर्खेत आएका थिए । युवा संघको आयोजनामा वीरेन्द्रनगरस्थित जिल्ला समन्वय समितिको सभाहलमा मंगलबार कार्यक्रम तय गरिएको संगठनले जनाएको छ ।

महेश बस्नेत सुर्खेत आएसँगै वीरेन्द्रनगरमा सुरक्षा व्यवस्था निकै कडा गरिएको छ। प्रहरी स्रोतका अनुसार बाक्लो संख्यामा सुरक्षाकर्मी परिचालन गरिएको छ।

# एमालेले गराए दल दर्ता, दलहरू चुनावमा होमिए : मन्त्री खरेल

दैनिक समाचारदाता

काठमाडौं, ९ मंसिर । नेकपा एमाले मंगलबार प्रतिनिधिसभा निर्वाचन प्रयोजनका लागि दल दर्ता गरेको छ । नेपाली कांग्रेस, नेपाली कम्युनिस्ट पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लगायत करिब ७० वटा राजनीतिक दलले निर्वाचन प्रयोजनका लागि दल दर्ता गरिसकेका छन् ।

यसैलाई आधार देखाएर सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले निर्वाचनको वातावरण बनिसकेको बताएका हुन् ।

'निर्वाचन प्रयोजनका लागि राजनीतिक दलहरूले दल दर्ता गरिसके । हामी निर्वाचन विरोधी होइनौं भनिरहेका छन् । सुरक्षाको वातावरण बनाउ भनिरहेका छन् । गाउँटोलदेखि जिल्ला देखि निर्वाचन क्षेत्रसम्म निर्वाचन लक्षित बिभिन्न कार्यक्रम गरिसकेका छन्' उनले भने ।

सबै दलहरू चुनावका लागि तयार भएको पनि उनले बताए । 'सबै राजनीतिक दलहरू चुनावका लागि तयार भइसके ।



जुन राजनीतिक दलहरू चुनावमा आउँदैनन् कि भन्ने आशंका हामीलाई लागेको थियो । त्यो पनि आजको दिनबाट उहाँहरूले निर्वाचन आयोगमा दल दर्ता गरिसक्नुभएपछाडि अब निर्वाचनको वातावरण राजनीतिक दलको तर्फबाट बनिसक्यो ।'

मतदाता नामावलीमा समेत नाम दर्ता गरेर जनता चुनावमा होमिइसकेको उल्लेख गर्दै उनले सुरक्षा निकाय समेत तम्तयार रहेको बताए ।

निर्वाचन प्रयोजनका लागि सुरक्षा योजना तयार गरेर सम्बन्धित निकायका पठाइसकेको उल्लेख गर्दै उनले चुनावको वातावरण बनेर धेरै अगाडि बढिसकेको दोहोर्‍याए ।

# एमाले अध्यक्षमा पोखरेलको दाबी

दैनिक समाचारदाता

काठमाडौं, ९ मंसिर । पार्टीभित्र नेतृत्वको विषय सघन छलफल भइरहँदा नेकपा एमाले वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले अध्यक्ष पदको उम्मेदवारी घोषणा गरेका छन् ।

मंगलबार विज्ञप्ति जारी गर्दै पोखरेलले अध्यक्ष पदमा आफ्नो उम्मेदवारी घोषणा गरेका हुन् ।

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको पार्टी सदस्यता नवीकरण र सार्वजनिक अभिव्यक्तिका कारणले पहिलेबाटै एमाले बहसमा थियो । पछिल्लोपटक बसेको सचिवालय बैठकमै पोखरेलले आफू अध्यक्षमा लड्ने जानकारी गराएका थिए ।

एमालेको एघारौं महाधिवेशन यही मंसिर अन्तिम साता काठमाडौंमा हुँदैछ ।

यसैबीच पोखरेलले मंगलबार उम्मेदवारी घोषणा गर्दै अध्यक्ष केपी शर्मा ओलीलाई आन्तरिक लोकतन्त्र सम्झाएका छन् ।'पार्टीको आन्तरिक लोकतन्त्र सम्बन्धी आफैंले अघि सारेका मान्यतालाई सम्मान गर्दै पार्टी अध्यक्ष कमरेड केपी शर्मा ओलीले नेतृत्व हस्तान्तरणमा सकारात्मक भूमिका निर्वाह गर्नुहुनेछ भन्ने अपेक्षा लिएको छु,' पोखरेलले भनेका छन्, 'अभिभावकीय भूमिकामार्फत सहज निकासका लागि पार्टी अध्यक्ष कमरेडलाई अनुरोध गर्दछु ।'

महाधिवेशन समक्ष प्रस्तुत गर्ने राजनीतिक तथा सांगठानिक दृष्टिकोणको विस्तारित दस्तावेज पनि सार्वजनिक गर्ने उनले बताएका छन् ।


## शुभ लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.

जनकपुरधाम-४ धनुषा, नेपाल

**सूचना !** **सूचना !!** **सूचना !!!**

यस संस्थाको आ.ब. २०८१/०८२ को १६ औं साधारण सभा र आ.ब. २०८२/०८३ को बजेट तर्जुमा २०८२ पौष १२ गते शनिवार ११:०० बजेदेखि कृष्णा मन्दिर (गोपाल सेवा समिति) को तल हलमा मालपोत कार्यालयको नजिक हुन गईरहेकोले यस संस्थाको सम्पूर्ण शेयरधनी महानुभावहरुलाई समयमै उपस्थिति भई कार्यक्रममा भाग लिनुहुन हार्दिक अनुरोध छ ।

**सुरेश प्रसाद यादव**

प्रबन्धक


'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४